बैठक संख्या : ७८

मिती : २०७७।०६।३० गते

स्थान : राप्ती नगरपालिका

समय : साझ ५: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया पूर्ण प्र. आचार्य (का.वा)

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

अधिकृत छैठौ श्री शारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

मिति: २०७७/०६/३०

बैठक संख्या - ७८

<u>प्रस्तावहरु</u>

१. covid-19 संक्रमण अप्रत्याषित रुपमा बढेकाले नगरपालिका र वडामा नियमित कार्यहरु बन्द गर्ने सम्वन्धमा ।

२. निशान तमाङ्ग (वडा नं. ३) लाई आर्थिक सहयोग सम्वन्धमा ।

३. लोथर खोलाको TOR बनाएर पठाउने सम्वन्धमा ।

४. मनोपरामर्श (पार्वती नेपाली) ले तालिम लिई आएकोले हस्पिटलमा राख्ने सम्वन्धमा ।

५. विरेन्द्रनगर रेडक्रसलाइ एम्वुलेन्स खरिद गर्न रकम सहयोग गर्ने सम्वन्धमा ।

६. पिप्ले र भण्डारा रेडक्रसका एम्वुलेन्स र चालकलाई परिचालन सम्वन्धमा ।

७. प्रस्तावित भण्डारा अस्पतालको नक्सा संसोधन सम्वन्धमा।

८. विविध फाईल सम्वन्धमा ।

९. दशै तिहारको शुभकामना सम्वन्धमा ।

८/

Scanned with CamScanner

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा रासी नगरपालिका,वडा कार्यालय तथा भण्डारा अस्पतालमा कार्यरत केहि कर्मचारी मा. कोरोना पोजिटिभ देखिएकोले बाकि कर्मचारी हरु कन्टयाक ट्रेसिङमा परेकोले सुरक्षा जोखिमलाइ मध्यनजर गर्दै कार्यालयबाट प्रदान गरिने दैनिक प्रशासनीक कामकाज वन्द गरी स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई अति आवश्यक कार्यहरु मात्र सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा सवारी दुर्घटना बाट मृत्यु भएका वडा नं. ३ का निशान तामाङ्गको परिवारिक आर्थिक अवस्था अत्यन्त दयनिय भएको र काजकृया गर्न समेत नसक्ने अवस्था रहेकोले काजकृया बापत रु १,००,००० नगरपालिका द्धारा सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा रासी नगरपालिकामा पर्ने विभिन्न खोलामा नदीजन्य पदार्थको अवस्था निक्योल गर्नका लागि IEE गर्न तथा वडा नं. १ स्थित रहेको लोथर खोलाबाट विगत वर्षहरुमा IEE गरी लोथर पुलदेखि दक्षिण ५०० मिटर छाडेर केही भागमा नदीजन्य पदार्थ उत्खनन गर्ने गरिइएकोमा हाल सो भाग भन्दा तल नदीजन्य पदार्थ थुप्रिन गई मानव बस्तीमा खोला पस्न सक्ने र धनजन समेत क्षति गर्न सक्ने देखिएकाले यस वर्ष उक्त खोलाको IEE गर्दा पुलको भागबाट ५०० मिटर दक्षिण देखि लिएर लोथर, रासी खोलाको त्रिवेणी धारसम्मको क्षेत्रलाई समेटेर T.O.R. तयार गरी उक्त T.O.R. स्वीकृतिका लागि सम्बन्धित कार्यालयलाई पठाउने निर्णय गरियो । साथै उक्त माग चितवन राष्ट्रिय निकुञ्जमा पर्ने भएकाले निकुञ्जको नियम परिधिभित्र रहेर TOR स्वीकृत गर्ने प्रक्रियामा आवश्यक सहयोग गर्न चितवन राष्ट्रिय निकुञ्ज लाइ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा रासी नगरपालिकाको खर्चमा मनोपरामर्श तालिम सम्पन्न गरी आउनुभएको वडा नं. २ निवासी श्री पार्वती नेपालीलाई मनोपरामर्शकर्ताको रुपमा भण्डारा अस्पतालमा राख्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा रासी नगरपालिका, वडा नं. ७ मा अवस्थित वीरेन्द्रनगर रेडक्रसलाई एम्बुलेन्स खरिद गर्न नपुग रकम रु. ७,००,०००।— (अक्षरुपी : सात लाख रुपैयाँ मात्र) नगरपालिकावाट सहयोग गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ६
प्रस्ताव नं. ६ माथि छलफल गर्दा रासी नगरपालिकाभित्र कोरोना पोजेटिभ देखिएका बिरामीहरुलाई बिरामी भएर अस्पताल जाँदा पब्लिक आइसोलेसन टरौली लैजाँदा र होम आइसोलेसनमा बसेकालाई स्वाब कलेक्सन गर्न ल्याउँदा एउटा एम्बुलेन्स चाहिने भएको हुँदा पिप्ले रेडक्रस र भण्डारा रेडक्रसका एम्बुलेन्स १५/१५ दिनको पालो लगाई अर्को व्यवस्था नहुन्जेलसम्म तपसिल बमोजिमका शर्तमा राखे निर्णय गरियो ।

तपसिल

क. चलकलाइ दिनको १५००/- को दरले प्रति महिना १५ दिनको जम्मा २२५००/- र इन्धन सुविधा ।

ख. सम्वन्धित रेडक्रस लाइ प्रति दिन रु १५००/- को दरले प्रति महिना १५ दिनको जम्मा २२५००/- गरि दुई वटा रेडक्रस लाई प्रति महिना जम्मा ४५०००/- भुक्तानी दिने ।

निर्णय नं. ७
प्रस्ताव नं. ७ माथि छलफल गर्दा हाल प्रस्तावित भण्डारा अस्पतालको १० शैयाको अस्पताल निर्माणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सिफारिस भए अनुसारको भवन निर्माण गर्नका लागि पठाइएको डिजाइन र ड्रोइङ अनुसार जग्गा पुगे पनि भवन बनाउन अफठ्यारो भएको हुदा नगरपालिकाबाट निर्धारण गरिएको जग्गाको लम्बाई (पुर्व-पश्चिम) ६५ मिटर चौडाइ (उत्तर-दक्षिण) ३३ मिटर अनुसार उपयुक्त हुने गरि डिजाइन परिवर्तनको लागि सहजिकरण गर्न मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ८

**फाइन नं. १**

फाईल नं. १ का. सन्दर्भमा जिल्ला. प्रशासन कार्यालयको मिति २०७७।०६।१६, च.नं. ४२४५ को पत्रानुसार रासी-५ मा अवस्थित दीपशिखा कृषि सहकारी संस्था लिमिटेडमा सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ३ विपरीतको कसुर ठहर गरी ऐ. ऐनको दफा १८ बमोजिम जफत हुने आ.पि.एल.लेखिएको युरिया मल ११३ बोरा, कृषक पोटास कृषी सामाग्रि संस्थान क.लि.२८ बोरा , युरिया (लेफ्ट स्विम) ५८ बोरा, डि.ए.पी. मल ९६ बोरा, चिनी मल १ बोरा र खुल्ला आधा भरि रहेको ५ बोरा मल सिल गरिएको हुँदा उक्त मल साल्ट ट्रेडिङ कर्पोरेशन लि.र कृषि सामाग्री कम्पनी लि. ले उपलब्ध गराएको देहायबमोजिमको मुल्यसुची बमोजिम मुल्य निर्धारण गरि बिक्री वितरण पश्चात राजश्व दाखिला गर्ने निर्णय गरियो ।

| क्र.स | रसायनिक मल | मुल्य रु |
|---|---|---|
| १ | युरिया मल | १५.३० |
| २ | डि.ए.पी. मल | ४४.३० |
| ३ | पोटास मल | ३२.३० |
| ४ | एमोनियम सल्फेट (चिनी मल) | २७.३०- |

**फाईल नं. २**

फाईल नं.२ का सन्दर्भमा रासी न.पा वडा नं.१३ मा रहेको श्री राष्ट्रिय आधारभुत विद्यालय वासवाङ मा पानी निश्चित समयमा मात्र आउने गरेको र विद्यार्थिहरुलाई पिउने पानीको समस्या रहेकोले निश्चित समयमा आएको पानीलाई जम्मा गरी तत्काल खानेपानिको समस्या समाधान गर्ने खानेपानी शिर्षकको बजेटबाट खर्च हुने गरी पानी ट्याङ्की उपलब्ध गराउने निर्णय गरियो ।

**फाईल नं. ३**

फाईल नं. ३ का सन्दर्भमा नेपाल आयल निगम लि. को पत्र संख्या ०७७/७८ च.नं. १०९२ मिति २०७७/०६/२ को पत्रनुसार पेट्रोलियम पदार्थको विक्रि वितरण प्रणालीलाइ प्रविधिमैत्री वनाई निजि क्षेत्रलाइ समेत थप प्रतिष्प्रर्धि वनाउने उद्देश्यले निगमको नमुनाको रुपमा कम्तिमा १ प्रदेशमा १ पेट्रोल पम्म र सवै राष्ट्रिय राजमार्गमा समेत सम्भव भएसम्म एक पेट्रोल पम्प स्थापना गर्ने निगमको योजना बमोजिम यस नगरपालिकामा महेन्द्र राजमार्ग संग जोडिएको न्युनतम एक विगाहा जग्गा उपलब्ध गराउनको निम्ति प्रत्येक नगरबासीमा पत्रचार गर्ने र सम्भव भएसम्म उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

फाईल नं. ४

फाईल नं. ४ का सन्दर्भमा सिद्धबराह तथा दुर्गा मन्दिर रासी नगरपालिका-७ लाई साँस्कृतिक प्रवर्द्धन शीर्षकबाट हुने गरी सम्बोधन गर्ने निर्णय गरियो ।

फाईल नं. ५

फाईल नं. ५ का सन्दर्भमा जनजागृति हरियाली ताजा तरकारी तथा फलफुल उत्पादक सहकारी संस्था लिमिटेडले गरेको धान खेतीमा रोग लागेको हुँदा कृषि ज्ञान केन्द्रमा क्षतिपूर्तिका लागि अपिल गरी पठाउने निर्णय गरियो ।

फाईल नं. ६

फाईल नं. ६ का सन्दर्भमा भण्डारा मा.वि. को गाडी किन्नका लागि मा.वि. तहका विद्यालयलाई दिने बजेटबाट हुने गरी रकम उपलब्ध गराउने निर्णय गरियो ।

फाईल नं. ७

फाईल नं. ७ का सन्दर्भमा रासी नगरपालिका वडा नं. १३ को कान्द्राङ खोलाको पोकचिलिङ्ग भन्ने ठाउँमा एउटा झोलुङ्गे पुल बनाउन झोलुङ्गे पुल विभागमा पत्राचार गर्ने निर्णय गरियो ।

फाईल नं. ८

फाईल नं. ८ का सन्दर्भमा रासी नगरपालिका वडा नं. ५ निवासी सरिता सेढाईलाई प्राणघातक क्यान्सर रोग लागेर अस्पतालमा उपचार गरिरहेको हुँदा निजको स्थितिलाई बुझेर केही आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा नगर प्रमुख, उप-प्रमुख एवम् प्रमुख प्रशासकीय अधिकृतले नजिकिँदै गरेको नेपालीहरुको महान् चाड बडा दशैं र तिहारको सन्दर्भमा सुख, शान्ति, सुस्वास्थ्य र दिर्घायुको कामना सहित शुभकामना व्यक्त गर्नुभयो ।

Scanned with CamScanner